बैठक मिति: २०८२/५/१२

बैठक संख्या: ४

छलफल तथा निर्णयहरु:

१. विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (१२) मा **"मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका पूर्वाधार सम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्नुपूर्व सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आयोजना बैंकमा प्रविष्टि सम्बन्धी सवै प्रक्रिया पुरा गर्नु पर्नेछ। आयोजना बैंकमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्न सकिनेछ"** भन्ने व्यवस्था उल्लेख भएको र सो प्रावधान कार्यान्वयनको लागि अर्थ मन्त्रालयको च.नं. ८६ मिति २०८२/५/१२ को पत्रबाट सहजीकरणको लागि लेखी आएको हुँदा आयोगको मिति २०८२/२/१४ को निर्णयानुसार बन्द गरिएको आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System-NPBMIS) आयोजना बैक (संचालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसारको प्रविष्टि सम्बन्धी सवै प्रक्रिया पुरा गरी प्रविष्टि गर्न २०८२ फागुन मसान्तसम्मको लागि खुला गर्ने।

२. राष्ट्रिय योजना आयोगको समन्वय र UN ESCAP को प्राविधिक सहायतामा नेपालको National Cooling Action Plan को तर्जुमा गर्ने र सोको जानकारी परराष्ट्र मन्त्रालय मार्फत UN ESCAP मा लेखी पठाउने।

३. एसियाली विकास बैङ्कको प्राविधिक सहायतामा तयार गरिएको राष्ट्रिय गौरवका आयोजनाको समय र लागत अधिकता सम्बन्धी प्रतिवेदन बारेमा बैठकमा प्रस्तुतीकरण भयो। सो सम्बन्धमा प्राप्त राय सुझावलाई समावेश गरी प्रतिवेदनलाई अन्तिप रूप दिई प्रकाशन गर्ने।